# २०७७

पाचँपोखरी थाङपाल गाउँपालिका
,सिन्धुपाल्चोक

बजार अनुगमन समिती



# [ बजार अनुगमन प्रतिबेदन आ.व.२०७६/०७७ ]

स्थानिय सरकार गठन भइसकेपछि सम्पन्न गरिएको पहिलो बजार अनुगमन प्रतिबेदन

## पृष्ठभुमि :

बिश्वभर आइपरेको कोरोना भाइरसको सकंक्रमण तथा कोभिड १९ रोगको प्रकोपबाट अर्थतन्त्रमा नकरात्मक असर पर्न गएको छ। उक्त प्रभावबाट उत्पादन ,वितरणमा प्रत्यक्ष प्रभाव परेको छ । माग र आपूर्तिमा असन्तुलन आइपरेको छ। बजार अस्थव्यस्थ बन्दै गरेको अवस्थालाई मध्यनजर गर्दै यस पाचँपोखरी थाङपाल गाउपालिकाको कार्यपालिकाको मिती २०७६/१२/५ गते बसेको बैठकले बजार समितीमा देहायबमोजिमको संयन्त्र रहने गरि बजार अनुगमन कार्यलाई मिती २०७६/०१/०८ देखी २०७६/०१/१९ सम्म सञ्चालन गरियो।

अनुगमन समितीले बाजारमा देखिने अनुचित व्यापारिक क्रियाकलाप , कालोबजारी , मिसावट तथा गुणस्तरहिन पदार्थ र वस्तुका बारेमा नियमन तथा नियन्त्रणको प्रयास गर्छ । अनुगमन भनेको बजारलाई प्रतिस्पर्धी , अनुशासित, मर्यादित तथा उपभोक्तामुखी बनाउने हुनुपर्छ। यसो गर्ने मुख्य जिम्मेवारी राज्य र व्यवसायी स्वयमको हुन्छ। यसमा उपभोक्ताले बजारमा उपलब्ध वस्तु तथा सेवा आखाँ चिम्लेर मात्रै प्रयोग गर्ने गर्नुहुदैन। गुणस्तरहीन वस्तु तथा सेवाको प्रयोगबाट पर्ने क्षतिको भरपाई कतैबाट पाउन सकिदैन। अहिले हाम्रो देशमा यही भइरहेको छ। त्यस्तै अहिले बजारमा रहेको सबैभन्दा ठुलो बेतिथि उत्पादनकर्ताले जस्तो उत्पादन गर्यो उपभोक्ता सोही उपभोग गर्न तयार छन् भन्ने हो।

## कानुनी व्यवस्था

नेपालको संविधानको धारा ४४ मा प्रत्येक नेपालीको उपभोक्ता हित सुरक्षित गरेको छ। त्यसमा सेवा तथा वस्तु प्रयोग गर्दा कुनै उपभोक्तालाई परेमा सम्बन्धित पीडकले त्यसको भरपाई तिनुपर्ने व्यवस्था छ। उपभोक्ता संरक्षण ऐन , २०७५ ले गुणस्तरिय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बद्धन गर्न , उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायीक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानी , नोक्सानी बापत क्षतिपुर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धि कानुनी व्यवस्था रहेको छ।

## परिभाषा

### १. उपभोक्ता

उपभोक्ता भन्नाले उपभोग वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने सर्वसाधारण व्यक्ति, समुह वा संस्थालाई जनाँउछ।

### २. उपभोग्य वस्तु

उपभोग्य वस्तु भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरुको समिश्रणबाट बनेको स्वास्थ्यलाई हानि,नोक्सानी वा नकरात्मक प्रभाव नगर्ने पदार्थ बुझिन्छ।

### ३. उपभोक्ताको अधिकार

- उपभोक्ता संरक्षण ऐन, २०७५ ले देहायका ९ वटा उपभोक्ता अधिकारहरुको ब्यवस्था गरेको छः
- सहज पहूँचको अधिकार,
- प्रतिस्पर्धात्मक मूल्यमा वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार,
- वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारेमा सूचित हुन पाउने अधिकार,
- दुई वा दुई भन्दा बढि पदार्थको समिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको बारेमा जानकारी पाउने अधिकार,
- मानव जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पु¥याउने वस्तु तथा सेवाको बिक्री वितरण बाट सुरक्षित हुन पाउने अधिकार,
- अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उचित कानूनी कारवाही गराउन पाउने अधिकार,
- वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने अधिकार,
- उपभोक्ताको हक, हितको संरक्षणका सम्वन्धमा अधिकार प्राप्त अधिकारी वा निकायबाट उपचार पाउने वा सुनुवाई हुने अधिकार,
- उपभोक्ता शिक्षा पाउने अधिकार ।

### ४. उत्पादकको दायित्व

- गुणस्तरीय वस्तु तथा सेवा उत्पादन गर्ने,
- वस्तुको लेबल निर्धारण गर्ने,
- लेबलमा ऐनले तोके बमोजिमका कुरा उल्लेख गर्ने,
- त्रुटिपुर्ण उत्पादन नगर्ने,
- आफूले उत्पादन गरेको वस्तु त्रुटिपूर्ण उत्पादन भई त्यस्तो वस्तु बजारमा रहेको कुरा जानकारीमा आएमा त्यस्तो वस्तु संकलन गरी नष्ट गर्ने,
- वस्तु वा सेवाको उत्पादनको कारण उपभोक्तालाई कुनै किसिमको क्षति भएमा सो को मनासिव क्षतिपूर्ति दिने,
- वस्तु वा सेवाको गलत वा भ्रामक विज्ञापन वा प्रचार प्रसार नगर्ने,
- दुई वा दुई भन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको जानकारी दिनुपर्ने,
- कानून बमोजिम तोकिएका अन्य शर्त पूरा गर्ने ।

### ५. ढुवानीकर्ताको दायित्व

- ढुवानी गरिने वस्तुको प्रकृति अनुसार निर्धारित अवधिभित्र नै ढुवानी गर्नु पर्ने,

- ढुवानी गर्दा वस्तुको गुणस्तरमा ह्रास आउन नदिने,
- ढुवानी गर्दा तोकिए बमोजिम सुरक्षात्मक व्यवस्था तथा पालना गर्नुपर्ने शर्तहरु पूर्ण रुपमा पालना गर्ने,
- सम्बन्धित निकाय वा अधिकारीले माग गरेको बखत वस्तुको विवरण उपलब्ध गराउने,
- तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने ।

### ६. सञ्चयकर्ताको दायित्व

- वस्तु सञ्चय गर्दा त्यस्ता वस्तुको प्रकृति अनुसार सतर्कता अपनाउने,
- वस्तुको किसिम वा प्रकृति अनुसार गुणस्तरमा ह्रास नआउने गरी तोकिए बमोजिम सुरक्षात्मक उपाय अपनाई सञ्चय गर्ने र वस्तुको गुणस्तरमा ह्रास आउने खालको कुनै काम नगर्ने,
- उत्पादकले उल्लेख गरेका वस्तुको लेबल वा विवरण फेरबदल नगर्ने,
- सम्बन्धित निकाय वा अधिकारीले माग गरेको बखत वस्तुको सञ्चयसँग सम्बन्धित विवरण उपलब्ध गराउने,
- तोकिएको सुरक्षात्मक उपाय अपनाउने
- तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने ।

### ७. बिक्रेताको दायित्व

- विना भेदभाव उपभोक्तालाई वस्तुको बिक्री गर्ने,
- वस्तुको किसिम वा प्रकृति अनुसार गुणस्तरमा ह्रास नआउने गरी सुरक्षित रुपमा राख्ने र सुरक्षित रुपमा बिक्री गर्ने,
- सर्वसाधारणले स्पष्ट रुपमा देख्ने बुझ्ने गरी वस्तुको मूल्य सूची राख्ने,
- सम्बन्धित निकाय वा पदाधिकारीले माग गरेका बखत आफूसँग रहेको वस्तुको मौज्दात वा विवरण उपलब्ध गराउने,
- वस्तुमा कुनै किसिमको ग्यारेन्टी वा वारेन्टीको व्यवस्था भएमा त्यसको पालना गर्ने,
- पहिले आउने उपभोक्तालाई पहिले वस्तु बिक्री गर्ने,
- उपभोग्य वस्तु बिक्री गरी सकेपछि त्यस्को बिल वा रसिद दिने,
- तोकिए बमोजिम अन्य दायित्व पूरा गर्ने ।

### ८. सेवा प्रदायकको दायित्व

- बिना भेदभाव उपभोक्तालाई सेवा प्रदान गर्ने,
- सर्वसाधारणले स्पष्ट रुपमा बुझ्ने गरी सबैले देख्ने ठाउँमा आफूले प्रदान गर्ने सेवाको प्रकृति र सो सेवा प्राप्त गरे बापत उपभोक्ताले तिर्नु पर्ने मूल्यको सूची राख्ने,
- सम्बन्धित निकाय वा अधिकारीले माग गरेका बखत आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित विवरण तथा कागजात उपलब्ध गराउने,
- पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्ने,
- उपभोक्तालाई सेवा प्रदान गरे बापतको रकम लिएपछि त्यसको बिल वा रसीद दिने,
- तोकिए बमोजिम अन्य दायित्व पूरा गर्ने ।

## ९. उत्पादक वा पैठारीकर्ताले लेबलमा खुलाउनु पर्ने कुराहरु

- उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर,
- खाद्य पदार्थ, औषधि र सौन्दर्य सामाग्री जस्ता वस्तुमा त्यस्ता वस्तुको मिश्रण, मिश्रणका तत्व, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तु भएमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तु उपभोग गर्ने तरिका र त्यस्तो वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव(साइड इफेक्ट),
- निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने वस्तु भए त्यस्तो अवधि,
- वस्तुको बिक्री मूल्य, ब्याच नम्बर र उत्पादन मिति,
- इलेक्ट्रोनिक, हार्डवेयर, विद्युतीय वा यान्त्रिक वा लामो समयसम्म प्रयोगमा रहने वस्तु भए त्यस्तो वस्तुको ग्यारेण्टी वा वारेण्टी र ग्यारेण्टी वा वारेण्टी मिति तथा सो वस्तुसँग सम्बन्धित कानून बमोजिम अन्य आवश्यक कुरा,
- ग्यारेण्टी वा वारेण्टी भएको अवस्थामा कुनै त्रुटि देखिएमा त्यसको शोधभर्ना दिने वा निश्चित अवधिसम्म मर्मत गरिदिने व्यवस्था,
- प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने वस्तु भए त्यस्तो वस्तुको सुरक्षाको लागि अपनाउनु पर्ने पूर्वसावधानी सम्बन्धी विवरण,
- वस्तुमा लाग्ने सबै प्रकारका कर समावेश गरी हुन आउने अधिकतम खुद्रा बिक्री मूल्य,
- वस्तु प्रयोग गर्नुपूर्व कुनै प्रक्रिया पूरा गर्नु पर्ने भए त्यस्तो प्रक्रिया र त्यस्तो प्रक्रिया नपु¥याई प्रयोग गर्दा हुन सक्ने हानि, नोक्सानी,
- मानव स्वास्थ्यलाई हानि पु¥याउने खालका पदार्थहरुको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिन्हको प्रयोग,
- तोकिए बमोजिमका अन्य कुरा।

## १०. खरिद गरिएको वस्तु फिर्ता गर्न सकिने

- कसैले बिक्रेताबाट खरिद गरेको कुनै वस्तु चित्त नबुझी फिर्ता गर्न चाहेमा सात दिनभित्र बिक्रेता समक्ष फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्य बराबरको अर्काे वस्तु वा आफूले त्यस्तो वस्तु खरिद गर्दा तिरेको रकम भुक्तानी लिन सक्नेछ। यसरी वस्तु फिर्ता गर्दा त्यस्तो वस्तु खरिद गर्दा बिक्रेताले दिएको बिल वा रसीद देखाउनु पर्नेछ।
- तर, देहायको अवस्थामा वस्तु फिर्ता गर्न वा सट्टा लिन सकिने छैनः

- खरिद भैसकेपछि खरिदकर्ताले त्यस्तो वस्तुको गुणस्तर वा परिमाणमा परिवर्तन गरेमा,
- निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने प्रकृतिका वस्तु भए त्यस्तो अवधि व्यतित भइसकेको वस्तु भएमा,
- दुध, फलफूल, तरकारी, माछा, मासु जस्ता तुरुन्त उपभोग नगरेमा सडी, गली जाने प्रकृतिका वस्तु भएमा,
- खरिद गरेको वस्तु प्रयोग गरिसकेको भएमा,
- सिलबन्दी गरिएको वस्तु भए सिलबन्दी तोडिएको भएमा।

- सिलबन्द गरेको वस्तु भए सिल नतोडिएको अवस्थामा त्यस्तो वस्तु पन्ध्र दिनभित्र फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्य बराबरको त्यस्तै अर्काे वस्तु लिन सकिनेछ।

### ११. गुणस्तरहीन वस्तु

- लेबलमा उल्लेख गरिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाईएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,
- मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको, गलेको, फोहोरमैला, विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ वा सुगन्ध प्रयोग गरिएको,
- वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशु, पंक्षी वा हानिकारक वनस्पतिबाट बनाईएको,
- तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, सञ्चय, भण्डारण वा बिक्री गरिएको,
- उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादकले उल्लेख गरे बमोजिमको गुणस्तर नभएको,
- तोकिएको न्यूनतमभन्दा कम गुणस्तर वा अधिकतम गुणस्तर तोकिएकोमा त्यस्तो गुणस्तर तोकिएकोमा त्यस्तो गुणस्तरभन्दा बढी भएको ।

### १२. अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप

- वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई, छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,
- झुठा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु बिक्री गर्ने,
- वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृष्यबाट देहायका कुनै काम गर्नेः

1. कमसल वस्तुलाई विशिष्ठ वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाई बिक्री गर्ने,
2. पूननिर्मित वा पूराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई बिक्री गर्ने,
3. घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुठा र भ्रमपूर्ण रुपमा विज्ञापन वा सूचना प्रसार गर्ने,
4. तथ्यगत आधार विना कुनै वस्तुको उपभोग वा प्रयोगबाट त्यस्तो वस्तुको दावी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने ।

- कुनै वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गर्ने वा कुनै प्रतियोगिता, चिठ्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,
- कुनै वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा वस्तु वा सेवाको बिक्री गर्ने,
- कुनै वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानकभन्दा घटी वा बढी हुने गरी वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पु¥याउने गरी वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा सञ्चय वा बिक्री गर्ने,
- कुनै वस्तुको कृत्रिम अभाव सृजना, जम्माखोरी गर्ने वा बिक्री गर्ने,
- त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोवारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,
- कुनै वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन वा पैठारी गर्ने वा त्यस्तो वस्तुको बिक्री गर्ने,
- बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल बिजक जारी गर्दा थप रकम माग गर्ने,
- कुनै वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,
- उपभोग गरिसक्नु पर्ने अवधि व्यतित भइसकेको वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई बिक्री गर्ने,

- उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,
- व्यवसायिक सेवा प्रदायकले सेवाको मूल्य, गुणस्तर, सेवा उपलब्ध गराउने स्थान र समय उल्लेख नगरी सेवा प्रदान गर्ने,
- उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा बिक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ संस्थाको मिलेमतोबाट कुनै वस्तुको उत्पादन, पैठारी, ढुवानी, सञ्चय वा बिक्री वितरणमा लागेको लागत र तोकिए बमोजिमभन्दा बढी मुनाफा लिई बिक्री वितरण वा ढुवानी वा बिक्री वितरणमा अवरोध गर्ने,
- कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्दा तोकिएको व्यापारिक तह भन्दा बढी तह वा श्रृंखला खडा गरी बिक्री वा प्रदान गर्ने ।
- कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने ।

**अन्य व्यवस्थाहरु :**

### कसैले वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने अन्य कामहरु

- कच्चा पदार्थको कोटा निर्धारण गर्ने वा कुनै वस्तुको उत्पादन घटाउने वा त्यस्तै अन्य कुनै काम गर्ने,
- कुनै वस्तु वा सेवा सञ्चित गरी वा अन्य कुनै तरिकाले कृत्रिम अभाव खडा गर्ने,
- निर्धारित समय वा स्थानमा मात्र वस्तु वा सेवा बिक्री गर्ने वा त्यस्तै प्रकृतिका अन्य कुनै काम गर्ने,
- जानीजानी कमसल वस्तुको उत्पादन, बिक्री वा पैठारी गर्ने,
- कुनै वस्तु वा सेवालाई अर्काे वस्तु वा सेवा हो भनी वा न्यूनस्तरको वस्तु वा सेवालाई उच्चस्तरको वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री गर्ने,
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वस्तु वा सेवाको उत्पादन वा बिक्री गर्ने,
- एकै प्रकृतिका विभिन्न वस्तु उत्पादन, पैठारी वा बिक्री गर्ने व्यापारी वा व्यापारिक समूहहरू मिली त्यस्तो वस्तुको अभाव सृजना गरी मूल्य तथा आपूर्ति व्यवस्थामा प्रभाव पार्ने,
- एकै प्रकृतिको कुनै सेवा प्रदान गर्ने एकभन्दा बढी व्यापारी वा व्यापारिक समूहको मिलेमतोबाट चक्र प्रणाली, कोटा प्रणाली, आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा संचालन गर्ने,
- एउटा वस्तु खरिद गर्दा अर्काे वस्तु पनि खरिद गर्नुपर्ने व्यवस्था गर्ने ।

### वस्तु वा सेवाको मूल्यको मापदण्ड निर्धारण गर्ने व्यवस्था

- उपभोक्ताको अधिकार संरक्षणका लागि तोकिएको निकायले वस्तु वा सेवाको मूल्य निर्धारण सम्बन्धी मापदण्ड तयार गर्नेछ । यसरी मापदण्ड तयार गर्दा वस्तुको उत्पादन लागत, ढुवानी खर्च, पैठारीकर्ताले कानून बमोजिम बुझाएको भन्सार, कर, दस्तुर र वस्तु बिक्री गर्दा तोकिएको प्रतिशत भन्दा बढी नहुने गरी बिक्रेताले लिन पाउने मुनाफा रकम समेतलाई आधार मान्नुपर्नेछ ।

### बजार अनुगमन सम्बन्धी व्यवस्था

- उपभोक्ताको हक, हित संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धताको अनुगमन वा सुपरीवेक्षणमा गर्न निम्नानुसार बजार अनुगमन समिति गठन गर्ने निणय गरिएको छ ।

बजार अनुगमन संयन्त्र

**क. उपाध्यक्ष -संयोजक**

**ख. सम्बन्धित वडाको वडाध्यक्ष- सदस्य**

**ग. सम्बन्धित वडा हेर्ने प्रहरी प्रमुख- सदस्य**

**घ. स्थानिय उद्योग वाणिज्य संघ प्रतिनिधि- सदस्य**

**ङ. आन्तरिक लेखा परिक्षण शाखा प्रमुख -सदस्य सचिव**

**बजार अनुगमन सम्बन्धी स्थानीय तहको अधिकार**

- उपभोक्ताको अधिकार संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा बजारको स्थलगत सुपरिवेक्षण, तथा अनुगमन गर्नका लागि गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले स्थानीय बजार अनुगमन समिति गठन गर्न सक्नेछ।

**उपभोक्ता संरक्षण ऐन, २०७५ मा उजूरी सम्बन्धी व्यवस्था**

- वस्तु वा सेवा प्रदायकले उपभोक्ता हित विरुद्ध वा ऐन, नियम विपरीत कुनै काम कारवाही गरेमा त्यस्तो कुराको जानकारी पाउने जुनसुकै व्यक्तिले आफूसँग भएको जानकारी वा सबुद प्रमाण सहित केन्द्रीय बजार अनुगमन समिति, विभाग वा निरीक्षण अधिकृतसमक्ष लिखित वा मौखिक वा विद्युतीय माध्यमबाट समेत उजूरी दिन सक्नेछ। उजूरी दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्नेछ।

**उपभोक्ता संरक्षण ऐन, २०७५ मा क्षतिपूर्ति सम्बन्धी व्यवस्था**

- उपभोक्ता संरक्षण ऐन, २०७५ विपरीत वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई शारीरिक, मानसिक, आर्थिक, भौतिक वा अन्य किसिमको हानि, नोक्सानी हुन गएमा वा वस्तुको त्रुटिपूर्ण उत्पादनको कारणबाट क्षति पुग्न गएमा उपभोक्ता स्वयंले वा निजको तर्फबाट कुनै उपभोक्ता संस्थाले वा उपभोक्ता असक्षम भएमा वा निजको मृत्यु भइसकेको अवस्थामा त्यस्तो उपभोक्ताको हकवालाले त्यस्तो वस्तु वा सेवा उत्पादन, पैठारी, सञ्चय, ढुवानी, बिक्री वितरण वा प्रदान गर्ने जुन व्यक्तिको कारणबाट त्यस्तो हानि, नोक्सानी भएको हो सोही व्यक्तिबाट क्षतिपूर्ति भरी पाउन अदालत समक्ष त्यसरी हानि, नोक्सानी पुगेको मितिले छ महिनाभित्र उजुरी गर्न सक्ने व्यवस्था छ।

**वर्तमान अवस्था तथा समस्याहरु :**

१. पसलमा मूल्यसूचि नभएको अवस्था ।
२. पसलमा आयातित समानहरु केहि मुख्य होलसेल पसलहरुबाट ल्याउने गरिएको।
३. व्यवसायि तथा उपभोक्तामा अशिक्षा र अचेतना रहेको अवस्था।

४. म्याद गुज्रने मिती तथा उत्पादन मिती हेर्न नजान्ने स्थिती रहेको ।
५. प्राय युवा व्यवसाय संचालक कम रहेको अवस्थामा वृद्धहरु, अशिक्षितलाई  म्याद गुज्रने मिती तथा उत्पादन मितीको बारेमा वुझाउन कठिन रहेको ।
६. केहि घुमन्ते फिरन्ते तवरबाट विक्री वितरण गरिएको माल सामानहरु सुरुमै म्याद गुज्रको हुने ।
७. उपभोक्ताले सानो उमेरको बच्चाहरु पठाउने गरेको ।
८. मालसामानहरु व्यवस्थित रुपमा नराखिएको ।
९. उपभोक्ताहरुलाई सहज रुपमा वस्तु तथा सेवा लिदा भौतिक कठिनाई तथा पसलहरुको आन्तरिक संरचनाले असहज परिस्थिती सृजना गरेको ।
१०. पसलहरुमा हुनुपर्ने पर्याप्त सरसफाईको अभाव तथा उज्यालोपनाको कमि रहेको ।
११. पसलमा दर्ता प्रमाणपत्र नटाँगिएको अवस्था रहेको ।
१२. एउटा वडामा म्याद गुज्रको सामान अर्को वडा तथा स्थानहरुमा निर्यात गरिएको ।
१३. सामाग्री उपभोग गर्दा उपयुक्त छ ,छैन ? नहेरी उपभोग गरिएको ।
१४. म्याद गुज्रको सामानहरुलाई पसलमै राखिएको ।
१५. एउटै व्यवसायमा दुई वा दुई भन्दा बढि व्यवसाय संचालन गरिएको ।

- बजार अनुगमनबाट परेको प्रभावहरु
  - सबल पक्षहरु
    - व्यापारी तथा उपभोक्तामा बजार अनुगमन तथा म्याद गुज्रको वस्तु किन्नु, बेच्नु तथा खानु हुदैन भन्ने राम्रो प्रभाव पारेको ।
    - उपभोक्ता तथा व्यावसायीमा सचेतना तथा सकरात्मक सन्देश गएको ।
    - उपभोक्ता खुसीमा उल्लेख्य वृद्धि भएको ।
    - व्यावसायीलाई गुणस्तिरिय समान राख्नुपर्छ भन्ने सन्देश गएको ।
    - गुणस्तरहिन मालसामान राख्दा तथा बेच्दा कानुनबमोजिमको कारवाहीको भागिदार बन्नुपर्छ भन्ने चेतना भएको ।
    - स्थानिय सरकारको प्रत्यक्ष आभाष हुने कार्य भएको तथा यस्तो कार्यहरुलाई निरन्तरता दिनुहुन भन्ने पृष्ठपोषण प्राप्त भएको ।
  - दूर्बल पक्षहरु
    - व्यवसायीसगँ भेट नहुने अवस्थाको लागी एउटा सूचना टास गर्ने कार्यमा ध्यान दिन नसकिएको ।
    - म्याद गुज्रको सामानहरुलाई प्रथम चरणमै व्यवस्थित रुपमा नै संकलन तथा नष्ट गर्न नसकिएको ।

- म्याद गुज्रको सामानलाई संकेत गर्ने स्टिकर तथा भरपर्दो माध्यमको अभाव रहेको ।
- अनुगमन गर्नुपुर्वनै सूचना चुहावट हुने गरेको ।
- अनुगमन टोलीलाई व्यवस्थित तथा सहि रुपमा परिचालन गर्न कठिनाई भएको ।
- बजार मूल्यको बारेमा कुनै गृहकार्य हुन नसकेको ।
- उच्चजोखिमयुक्त अवस्थामा पर्याप्त मास्क,स्यानेटाइजर,पन्जा लगायतका सुरक्षा सामाग्रीको अभाव रहको ।


पालिकाबाट दोस्रो चरणमा समावेश तथा अवलम्बन गनुपर्ने कार्यहरु

- मूल्यसुचि निरिक्षण गर्ने ।
- व्यवसाय दर्ता गर्न सूचना पठाउने तथा अनुगमनमा दर्ता नगर्ने व्यावसायमाथि कानुनअनुसारको दण्डसजायको व्यवस्था गर्ने ।
- सरसफाईको अवस्था निरिक्षण गर्ने ।
- गुणस्तरिय मालसामान राखे,नराखेको एकिन गर्ने तथा म्याद गुज्रको मालसामान बिक्रि वितरण गर्ने व्यावसायउपर कानुनबमोजिमको कारवाही गर्ने ।
- व्यावसायी तथा उपभोक्तालाई म्याद गुज्रने मिती, उत्पादन मिती हेर्न सिकाउने तथा उपभोक्ता हकको वारेमा सचेतना दिने खालको कार्यक्रम, तालिमको व्यवस्था गर्ने ।
- अनुगमन कार्यमा वडालाई समन्वयकारी भुमिका प्रदान गर्ने ।
- व्यवसायीसगँ भेट नहुने अवस्थाको लागी एउटा सूचना टास गर्ने कार्यमा ध्यान दिने ।
- अनुगमन टोलीलाई व्यवस्थित तथा सहि रुपमा परिचालन गर्ने ।
- अनुगमन गर्नुपुर्वनै सूचना चुहावट हुने अवस्था आउन नदिने गरि पुर्वतयारी गर्ने ।
- म्याद गुज्रको सामानलाई संकेत गर्ने स्टिकर तथा भरपर्दो माध्यमको प्रयोग गर्ने ।
- म्याद गुज्रको सामानहरुलाई दोस्रो चरणमै व्यवस्थित रुपमा नै संकलन तथा नष्ट गर्ने संयन्त्र तथा स्रोत साधनको व्यवस्था गर्ने ।
- केहि घुमन्ते फिरन्ते तवरबाट विक्री वितरण गरिएको माल सामानहरु सुरुमै म्याद गुज्रको हुने हुनाले यसलाई नियन्त्रण तथा नियमन गर्ने ।

**बजार अनुगमन प्रतिबेदनबाट प्राप्त विवरण तथा तथ्याङ्कहरुको विश्लेषण :**


**क. मुख्य खाद्यान्नको मौज्दातको अवस्था**

| वडा | चामल(बोरा) | दाल(बोरा) | चिनी(बोरा) | तेल(बाकस) | चिउरा(बोरा) | चाउचाउ(बाकस) |
|---|---|---|---|---|---|---|
| १ | २८ | ११ | ३ | २१ | ६ | ३२ |
| २ | २५० | २३ | १४ | ७५ | ११ | १६५ |
| ३ | २२९ | ३१ | १८ | ६९ | ० | ३३ |
| ४ | १३७ | ३१ | १८ | ७१ | २१ | १३ |
| ५ | ८३ | ८ | ३ | १७ | २४ | १५ |
| ६ | २२ | १२ | ५ | ४ | १४ | १२ |
| ७ | १९१ | २० | १५ | ११२ | २१ | १०५ |
| ८ | ५० | २ | ५ | ० | ५ | ७ |
| जम्मा | 990 | 138 | 81 | 369 | 102 | 382 |




मथिको तथ्यबाट यस गा. पा. को वडाहरुमा सबैभन्दा बढि खाद्यान्न मौज्दात रहको वडा नं. २ बरुवा रहेको छ भने सबैभन्दा कम खाद्यान्न मौज्दात रहेको वडा नं. ८ रहेको स्पष्ट हुन्छ ।माथिको तथ्याङ्कबाट यस गा.पा .को बजार अनुगमनको समयावधिभित्र निम्न अनुसारको खाद्यन्न मौज्दात रहेको पाइयो,

| खाद्यन्नको नाम | इकाई | परिमाण |
|---|---|---|
| चामल | बोरा | ९९० |
| दाल | बोरा | १३८ |
| चिनी | बोरा | ८१ |
| तेल | बाकस | ३६९ |
| चिउरा | बोरा | १०२ |
| चाउचाउ | बाकस | ३८२ |



**ख.व्यवसाय दर्ताको अवस्था**

| क. स. | व्यवसाय दर्ता भएका | व्यवसाय दर्ता नभएका | जम्मा संचालित व्यवसाय |
|---|---|---|---|
| १ | ७ | ३ | १० |
| २ | ६ | ० | ६ |
| ३ | १३ | ६ | १९ |
| ४ | १९ | ७ | २६ |
| ५ | ७ | १ | ८ |
| ६ | १५ | ८ | २३ |
| ७ | ३३ | १२ | ४५ |
| ८ | १५ | ४ | १९ |
| | 115 | 41 | जम्मा व्यवसाय= 156 |

**यस गा.पा. मा जम्मा दर्ता भएका व्यवसायहरुको संङख्या १५६ , दर्ता नभएका व्यवसायहरु ४१ र दर्ता भई सञ्चालनमा रहेका व्यवसायहरु ११५ वटा रहेको पाइयो ।**

## म्याद गुज्रको मालसामनहरुको स्थिती :

म्याद गुज्रको मालसामानहरुको स्थिती माथिको रिर्पोटबाट विश्लेषण गर्दा घट्दोक्रममा देहायबमोजिमको प्राप्त भएको स्थिती रहेको छ ।

१. चिसो पेयपदार्थहरुमा डियू,लिचि जुस,फुटी,पेप्सी,कोक, स्प्राइट,सेभेन अप,मिरिण्डा,रेडबुल
२. भुजा,भुजिया, दालमोठहरु,मिटमसलाहरु, चाउचाउ,चकलेट,चिजबल,बिस्कुट
३. बेसार,खुर्सानी,दालहरु,चिउरा,तेल,बदाम,चाउमिन
४. चामल,कोलगेट,कालो सस,
५. अन्य मैदा,आटा,

**बजार अनुगमनका क्रममा खिचिएका तस्विरहरु :**



M a r k e t



बजार अ.

08/05/2020



बजार अ.

08/05/2020



बजार अ.

08/05/2020